


## इनिस्टाले संन्यास लिए

मेड्रिड, (एजेन्सी)

जारी विश्वकपअन्तर्गत प्रि-क्वार्टरफाइनलबाट स्पेन बाहिरिएपछि टोलीका दिग्गज खेलाडी एन्ड्रेज इनिस्टाले संन्यास लिएका छन्। विश्वकप २०१० फाइनलमा विजयी गोल गरेका इनिस्टाले अन्तर्राष्ट्रिय करियर समाप्त गरेका हुन्। उनले रुसमा हुने विश्वकप खेल्न अगाडि नै यो प्रतियोगिता अन्तिम भनेका थिए। उनले स्पेन रुससँग हारेलगत्तै भने- 'वास्तविक यो हो कि यो राष्ट्रिय टोलीसँग मेरो अन्तिम खेल थियो। कहिलेकाहीं अन्त त्यस्तो हुँदैन जति तपाईंले सपना देखेको हुन्छ।' रुसविरुद्धको खेलमा इनिस्टा दोस्रो हाफमा मैदानमा स्थापन्न भएका थिए। पेनाल्टी सुटआउटमा रुससँग उनको टोलीले ४-३ अन्तरले हार बेहोरेको थियो। स्पेनका लागि १ सय ३१ खेल खेलेका इनिस्टाले बताए- 'हारले मेरो लागि सबैभन्दा दु:खद दिन बन्यो।'

# कोलम्बियाविरुद्ध इंग्ल्यान्डको परीक्षा

समूह 'एच' को विजेता कोलम्बियाले मंगलबार समूह 'जी' को उपविजेता इंग्ल्यान्डविरुद्ध अन्तिम १६ को अन्तिम म्याच खेल्दै छ। उक्त खेल मस्कोको ओट्क्रिती एरिनामा हुनेछ। उक्त खेलमा कोलम्बियाका स्टार हेम्स रोड्रिग्वेज पिँडौलाको चोटका कारण मैदानमा नदेखिन सक्छन्। यस्तै प्रशिक्षणमा फर्केका आबेल एगुइलर भने कोलम्बियाको शुरुआती ११ मा अटाउने सम्भावना छ। यता फिट बनेका इंग्ल्यान्डका डेले अली र जोन स्टोन्स कोलम्बियाविरुद्ध शुरुआती ११ मा अटाउन सक्नेछन्। अलीले ट्युनिसियाविरुद्धको म्याच खेलेका थिए भने स्टोन्सले बेल्जियमविरुद्धको खेलमा पिँडौलामा दु:खाइ महसुस गरेका थिए।

इंग्ल्यान्डका फाबियन डेल्फ भने आफ्नो श्रीमतीसहित घर फर्किसकेका छन्। यी दम्पती चाँडै नै अभिभावक बन्दै छन्। कोलम्बिया पछिल्लो सात खेलमध्ये १ म्याचमा मात्र पराजित भएको छ। जुन समूह चरणमा जापानसँग बेहोरेको २-१ को हार नै हो। यता पछिल्ला १२ म्याचमा अपराजित इंग्ल्यान्ड समूह चरणमा बेल्जियमसँग मात्र पराजित भएको थियो। ती १२ खेलमा ह्यारी केनले ६ गोल गरेका छन्। जसमध्ये जारी विश्वकपमा मात्र ५ गोल गर्दै उनी गोल्डेन बुट दाबेदारको शीर्ष स्थानमा रहेका छन्।

इंग्ल्यान्डले ३-१-४-२ को रणनीतिमा खेल्ने सम्भावना छ भने कोलम्बियाले ४-२-३-१ रणनीति अपनाउन सक्नेछ। जसअन्तर्गत कोलम्बियाको गोलरक्षक डेभिड ओस्पिनासहित रक्षकहरू अरियस, मिना, सान्चेज र मोजिकालाई इंग्लिस अग्रपंक्तिका फरवार्डद्वय केन र स्टर्लिङ तथा आक्रामक मिडफिल्डरहरु ट्रिप्पिएर, लिन्गार्ड, अली र योन्गले परीक्षा लिनेछ। विशेषत: इंग्लिस कप्तान केन कोलम्बियन रक्षापंक्तिको पहिलो निशाना हुनेछन्।

यस्तै कोलम्बियाका फरवार्ड राडामेल फाल्काओ, अट्याकिङ मिडफिल्डरहरू क्वाड्राडो, क्विन्टेरो र मुरियलले पनि गोलरक्षक जोर्डन पिक्फोर्डसहित वाकर, स्टोन्स र मागुइरेले रक्षात्मक इंग्लिस पर्खाल भत्काउने भरमग्दुर प्रयास गर्नेछन्। इंग्लिस अग्रपंक्ति र रक्षापंक्तिलाई डिफेन्सिभ मिडफिल्डर जोर्डन हेन्डरसनले तथा कोलम्बियाली आक्रमण र रक्षापंक्तिलाई डिफेन्सिभ मिडफिल्डरहरु सान्चेज र उरिबेले सघाउने छन्। कोलम्बिया मुख्यत: फाल्काओ, क्विन्टेरो र मिनाको प्रदर्शनमा निर्भर हुनेछ भने तुलनात्मक सन्तुलित इंग्लिस टोलीको नतिजा भने विशेषत: केन, ट्रिप्पिएर र स्टोन्सको प्रदर्शनमा भर पर्नेछ।



### हेड टु हेड

यी दुवै टोलीले एक-अर्का विरूद्ध ५ पटक खेलेका छन्। जसमध्ये इंग्ल्यान्डले ३ पटक खेल जित्दा २ पटकको खेल बराबरीमा टुंगिएको छ। यस क्रममा इंग्ल्यान्डले १० गोल गर्दा कोलम्बियाले ३ गोल मात्र फर्काएको छ।

### अन्तिम १६ चरणका खेल तथा नतिजा



| | | | |
|---|---|---|---|
| **असार १६** | | | |
| फ्रान्स | ४ | ३ | अर्जेन्टिना |
| उरूग्वे | २ | १ | पोर्चुगल |
| **असार १७** | | | |
| स्पेन | १ | १ | रूस |
| (टाइब्रेकर) | ४ | ३ | |
| क्रोएसिया | १ | १ | डेनमार्क |
| (टाइब्रेकर) | ३ | २ | |
| **असार १८** | | | |
| ब्राजिल | २ | ० | मेक्सिको |
| बेल्जियम | | | जापान |
| **असार १९** | | | |
| स्विडेन | | | स्विजरल्यान्ड |
| कोलम्बिया | | | इंग्ल्यान्ड |

### आजको खेल

स्विडेन Vs स्विजरल्यान्ड

समय : बेलुकी ७:४५ बजे/ स्थान : सेन्ट पिटर्सबर्ग

कोलम्बिया Vs इंग्ल्यान्ड

समय : बेलुकी ११:४५ बजे/ स्थान : स्पार्टक स्टेडियम

### विश्वकप २०१८ का गोलकर्ता



**५**

ह्यारी केन (इंग्ल्यान्ड)

**४**

रोमेलु लुकाकु (बेल्जियम)
क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)

**३**

डेनिस चेरिसेभ (रूस)
काएलिन मबाप्पे (फ्रान्स)
एडिसन काभानी (उरूग्वे)
आर्टेम डजुबा (रूस)
डिएगो कोस्टा (स्पेन)

**२**

इडेन हाजार्ड (बेल्जियम)
वाहबी खाज्री (ट्युनिसिया)
लुइस सुआरेज (उरूग्वे)
सर्जियो अग्वेरो (अर्जेन्टिना)
येरि मिना (कोलम्बिया)
मोहम्मद सलाह (इजिप्ट)
जोन स्टोन्स (इंग्ल्यान्ड)
लुका मोड्रिच (क्रोएसिया)
अहमद मुसा (नाइजेरिया)
एन्ड्रेज ग्रानक्विस्ट (स्विडेन)
माइल जेदिनाक (अस्ट्रेलिया)
सन हिउँग मिन (दक्षिण कोरिया)
एन्टोइने ग्रिजम्यान (फ्रान्स)
फिलिपे कौटिन्हो (ब्राजिल)
नेयमार (ब्राजिल)




(स्रोत : साधना, पूर्णाङ्क ५५, विश्वकप विशेषांक १९९८)

## २०औं शताब्दीका जादुगर



चमत्कारी समयानुकूल चल्नेवाला, तीक्ष्ण बुद्धि, छुट्टै प्रकारको असम्भव गोल गर्न सक्ने, सोच्ने नसकिने हिरो, अनौठो खेलाडी। हाल विश्व प्रेस जगत्लाई २१ वर्षीय रोनाल्डो लुइस नाजरियो डे लिमाका लागि विशेषण खोज्न गाह्रो भइरहेको छ।

यी खेलाडीले कलिलो उमेरमै अनौठो खेल देखाई स्पेनिस फुटबललाई तलमाथि पारिदिएका थिए। हाल रोनाल्डो इन्टर मिलानबाट खेलिरहेका छन्। र, छोटो समयमा नै यिनी मिलानका लागि प्रिय बनिसकेका छन्।

१९९६ को गृष्ममा हल्यान्डको पीएसभी आइनहोभीनबाट २० मिलियन डलरमा रोनाल्डोलाई बार्सिलोनाले किनेको थियो। निकै ठूलो धनराशी बार्सिलोनाले तिरेपछि त्यो उनको मूल्य ठीक थियो कि थिएन कसैले भन्न सकेन। तर, यी खेलाडी कसैले पत्याउनै नसक्ने किसिमले एकाएक माथि उठे र आफ्नो मूल्य सही भएको सावित गरिदिए। एट्लेटीको मेड्रिडविरुद्धको स्पेनिस कपमा रोनाल्डोले गोल, पास र ड्रिबलिङको चमत्कार देखाई आफ्नो क्लबलाई मात्र नभई सबैलाई प्रभावित गरे।

स्पिड, पावर र टेक्निक तीनवटै चिजमा निपूर्ण देखिएका रोनाल्डोले सान्टियागोमा कोम्पोसेतलाविरुद्ध गरेको गोलले उनलाई चर्चाको शिखरमा पुऱ्यायो। यो गोल स्पेनिस फुटबलको मात्रै नभई विश्व फुटबलकै एक उत्कृष्ट गोल थियो। ६० मिटर टाढादेखि एक्लैले ड्रिबलिङ गर्दै लगेर ५ जना डिफेन्डरलाई छल्दै एक जनाको नराम्रो ट्याकललाई पार गर्दै रोनाल्डोले उक्त गोल गरेका थिए। जुन गोललाई टिभीले ४८ घण्टाको समयमा १ सय ६० पटक रिप्ले गरेर देखाएको थियो। त्यसको केही दिनपछि उनले भ्यालेन्सियाविरुद्ध ह्याट्रिक गरी आफ्नो गोल गर्ने क्षमतालाई स्पष्ट पारे। उक्त ३ वटै गोल सान्तियागोमा गरेको गोलको स्तर बराबर थियो। यस सफलताले यिनले स्पेनमा ठूलो सम्मान पाए।

रोनाल्डोको अद्भुत स्किलले गर्दा यिनलाई ब्राजिलमा पेलेपछिको खेलाडीका रूपमा लिइएको छ। फुटबलका चार देवता म्याराडोना, पेले, डी स्टिफानो र क्राइफ रहेको स्थानमा पुग्न भने रोनाल्डोको बाटो अझै लामो छ।

# दुई युरोपियन टोलीबीच प्रतिस्पर्धा

अन्तिम १६ अन्तर्गत दुई युरोपियन राष्ट्र स्विडेन र स्विजरल्यान्डले क्वार्टरफाइनलमा स्थान सुरक्षित गर्न मंगलबार भिड्दै छन्। समूह 'एफ' को विजेता बन्दै स्विडेनले अन्तिम १६ मा स्थान पक्का गरेको हो भने स्विजरल्यान्ड समूह 'ई' को उपविजेताका रूपमा अन्तिम १६ पक्का गरेको हो। स्विडेनका सेबेस्टियन लार्सन भने दुई पहेंलो कार्ड देखेका कारण स्विजरल्यान्डविरुद्ध मैदानमा हुने छैनन्। उनको स्थानमा हिल्जे मार्क अथवा गुस्ताभ सेभेन्सनले मध्यभागमा खेल्ने सम्भावना छ। यता स्विजरल्यान्ड भने समूह 'ई' को दुई खेलमा बराबरी र एक खेलमा जितको नतिजा निकाल्दै अन्तिम १६ मा पुगेको हो। स्विडेनविरुद्धको खेलमा दुईटा पहेंलो कार्ड देखेका दुई डिफेन्डर फाबियन स्चेर र स्टेफेन लिचेस्टाइनरले खेल्ने छैनन्। यस्तै चोटग्रस्त स्टेफेन जुबेर पनि स्विस टिममा नटाउन सक्छन्।

रसिया विश्वकपमा स्विडेनको प्रदर्शन उत्कृष्ट रहेको छ। समूह 'एफ'को दुई खेल जितेर स्विडेनले अन्तिम १६ मा आफूलाई उभ्याएको हो। समूह चरणमा जर्मनी जस्तो सशक्त टिमलाई हराएको मेक्सिको विरुद्ध ३-० को सहज जित निकाल्दै स्विडेन समूह विजेता बनेको हो। ४-२-३-१ को सम्भावित रणनीतिमा देखिने स्विजरल्यान्ड जस्तो युरोपेली अनुभवी प्रतिद्वन्द्वीविरुद्ध ४-४-२ को रणनीति अपनाएको स्विडिस स्ट्राइकरद्वय मार्कस बर्ग र ओला तोइभेनोनको आक्रमण भने फितलो हुन सक्छ।

स्विस गोलरक्षक यान सोम्मेर र डिफेन्डरहरु लान्ग, एलभेदी, एकान्जी र रोड्रिगुएजले स्विडिस अग्रपंक्ति मिडफिल्डरहरु क्लास्सेन, सेभेन्सन, एकडल र फोर्स बर्गको बाधक बन्न सक्नेछन्।

यस्तै स्विडेनका गोलरक्षक रोबिन ओल्सेनसहित डिफेन्डरहरु लुस्टिग, लिन्डेलोफ, ग्रान्कभिस्ट र अगास्टिसनले पनि स्विस स्ट्राइकर मारियो गाभरानोभिचसहित अट्याकिङ मिडफिल्डरहरु साकिरी, जेमाइली र जुबेरलाई रोक्न भरमग्दुर प्रयास गर्नेछन्। स्विजरल्यान्डको अग्रपंक्ति र रक्षापंक्तिलाई भने डिफेन्सिभ मिडफिल्डरद्वय ग्राणित साका र भालोन बेहरमीले सघाउने छन्।

तर, यसपटक भाग्यले भने स्विडेनलाई साथ दिएको छ। विश्वकप छनोटमा नेदरल्यान्ड्स र इटाली असफल बन्नु र जारी विश्वकपमा समूहमा रहेको जर्मनी बाहिरिंदा पनि स्विडेनलाई भाग्यले साथ दिएको थियो।

यता तुलनात्मकरूपमा स्विडेनभन्दा स्विजरल्यान्ड लचिलो टोली हो। स्विजरल्यान्डसँग जार्डेन साकिरी, स्टेभन जुबेर र ब्लेरिम जेमाइली जस्ता खेलाडी छन्। जार्डेन यस्ता खेलाडी हुन् जसले फल्यान्क र मध्यभागबाट विपक्षीलाई हैरान पार्न सक्छन्। यस्तै गोलरक्षक यान सोमेर पनि स्विजरल्यान्डका अर्को एक पर्खाल हुन्।

## स्पेनको पासमा नयाँ कीर्तिमान

मस्को, (एजेन्सी)

नकआउट चरणबाट बाहिरिएको स्पेनले विश्वकपमा पासको नयाँ कीर्तिमान बनाएको छ। आइतबार रुसविरुद्धको खेलमा स्पेनले १ सय २० मिनेटमा १ हजार १ सय १४ पास खेलेर कीर्तिमान राखेको हो। विश्वकप खेलमा १ हजारको कोसेढुंगामा पुग्ने स्पेन पहिलो टिम पनि हो। निर्धारित ९० मिनेटमा पनि स्पेनले ७ सय ७० पासको नयाँ कीर्तिमान राखेको छ। यसअघि ९० मिनेटमा ७ सय ३ पासको कीर्तिमान अर्जेन्टिनाले २०१० विश्वकपमा ग्रिसविरुद्ध खेलेको थियो। यस्तै स्पेनका कप्तान सर्जियो रामोसले विश्वकपमा १ सय ४१ पास खेलेर सिंगल खेलाडीले सबैभन्दा पास खेलेको कीर्तिमान राखे।



### हेड टु हेड

यी दुईले एक-अर्काविरूद्ध २८ पटक खेलेका छन्। जसमा स्विजरल्यान्ड ११ पटक विजयी बन्दा स्विडेनले १० पटक जित हासिल गरेको छ। यस्तै ७ पटक भने बराबरीको नतिजा आत्मसात गरेका छन्।